नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः
च.नं.:

प्रेस विज्ञप्ति

आज मिति २०७९ साल असार ६ (तदनुसार २० जुन २०२२) गते नेपाल-भुटान बीचको चौथो व्यापार वार्ता (सह-सचिवस्तर) भर्चुअल माध्यमबाट सम्पन्न भयो । उक्त वार्तामा नेपालको प्रतिनिधिमण्डलको नेतृत्व उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयका सह-सचिव डा. नारायण प्रसाद रेग्मी र भुटानी प्रतिनिधि मण्डलको नेतृत्व भुटानको आर्थिक मामिला मन्त्रालयका महामहिम महानिर्देशक सोनाम तेन्जिनले गर्नुभएको थियो । बैठकमा नेपाल-भुटान विचको व्यापार सम्झौता एवं आपसी सहयोगका विविध विषयमा छलफल भएको थियो । छलफलमा प्रतिनिधि मण्डलका नेताहरुले दुई देशबीचको सम्बन्ध ऐतिहासिक र विशिष्ट रहेको बताउँदै व्यापार सम्झौता मार्फत द्विपक्षीय सम्बन्ध र सहकार्यको आयामलाई थप विस्तार गर्न सकिने विश्वास ब्यक्त गर्नुभएको थियो ।

उक्त बैठकमा नेपाल-भुटानबीचको तेस्रो व्यापार वार्ताको पुनरावलोकन हुनुको साथै प्रस्तावित व्यापार सम्झौता अन्तर्गत उत्पत्तिको प्रमाणपत्र (Rules of Origin) को मस्यौदा माथि छलफल भएको थियो । यसका साथै दुवै देशले आदानप्रदान गरेको सहुलियतपूर्ण वस्तुहरुको सूचिको सम्बन्धमा समेत छलफल भएको थियो ।

बैठकमा प्रस्तावित उत्पत्तिको नियमसँग सम्बन्धित मस्यौदामाथि नेपालको राय/सुझावको विषयमा आगामी बैठकमा थप छलफल गर्ने सहमति भएको छ । साथै, व्यापार सम्झौताको अनुसूचीमा रहने दुवै देशका सहुलियतपूर्ण बस्तुहरुको सूचीका विषयमा आन्तरिक छलफल गर्ने र उक्त सूचीलाई हार्मोनाइज्ड कोड २०२२ को संस्करणमा परिमार्जन गर्ने सहमति भएको छ । नेपाल-भुटानबीचको उक्त व्यापार वार्तामा उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय, परराष्ट्र मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, नेपाली राजदुतावास, नयाँ दिल्ली, भारत तथा भन्सार विभागका साथै व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रका पदाधिकारीहरुको समेत सहभागीता रहेको थियो।

डा. नारायण प्रसाद रेग्मी
प्रवक्ता
२०७९ असार ०६

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९
E-mail: info@moi.gov.np, Website: http://www.moi.gov.np